# नेपाल गजेट

## नेपाल सरकारद्वारा प्रकाशित

### काठमाडौं श्रावण २० गते ०६ साल

### भाग २

## अर्थमन्त्रालयको सूचना

२००८ साल ३।३ मितिमा क्याबिनेटबाट २००० रू भन्दा बढी र घटी भत्ता हाललाई रोकी पछि शाही कमिशनबाट दिने नदिने ठहर गर्नेछन् भनी ठहरभएको-मा हाल शाही कमिशन बसी २०००। भन्दा बढी र सो भन्दा घटी भत्ता खानेहरू-लाई भत्ता दिने नदिने उचित ठहर गर्नको लागी सबै भत्तावालाहरूलाई निम्न लिखित कुराहरू सूचित गरिएको छ। भत्तावालाहरूले तल लेखिएको दर्खास्तको नमुना र भएको बेहोरा लेखी सो अड्डामा पठाउनुहोला।

नेपाल राज्य चारभंज्याङ भित्रकाले भत्ता कमिशन अर्थमन्त्रालय सिंहदरवारमा २००६ साल श्रावण २५ गते सम्ममा दर्खास्त दिनुहोला।

नेपाल राज्य चार भंज्याङ बाहिरकाले नजीकको अड्डाहरू जस्तो माल अमिनी गोस्वारा जो छ, सो अड्डामा २००६ साल भाद्र मसान्त सम्ममा दर्खास्त दिनुहोला।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सो अड्डाहरूबाट दर्खास्तमा लेखिएको कुराहरु साँचोहो भनि सिफारिशगरी भत्ता कमिशन अर्थमन्त्रालय सिंहदरबारमा पठाउने गर्नू।

दर्खास्तको नमूना —

उप्रान्त भत्तावालाहरूले तपसील बमोजिमका कुराहरू खुलाई दर्खास्त लेखी शाही कमिशनमा पठाई दिनू भन्ने आदेश भई आएको

बाट सुनिएबमोजिम मेरो हाम्रो ) बेहोरा तपसीलमा खुलाई

मार्फत दर्खास्त लेखी पठाएको छु (कार्छौं) यसमा घटी बढी फरक पारी लेखिदिएको ठहरे ऐन सवालबमोजिम बुझाउँला।

तपसील

(१) भत्ता पाएको साल मिति . . . . . . . . . . .

(२) पाएको कारण र म्यादीभए . . . . . . . . . . .
सोसमेत खुलस्त बेहोरा

(३) जहानहरू मर्दाना कति जनामा
कति उमेर के के ? . . . . . . . . . . .

(४) जहानमा जागीरे कुनै भए ककसको
कतिकति कहाँकहाँ जागीर छ ? . . . . . . . . . . .

(५) जागीर बाहेकको अरु आयस्ता
भए कुनकुन कामबाट कतिकति ? . . . . . . . . . . .

(६) भत्तावालाको हालको उमेर . . . . . . . . . . .

बस्ने . . . ले . . मार्फत
शाही कमिशनमा चढायौं।

इति संवत २००६ साल आषाढ गते रोज शुभम

---

**गोरखापत्र छापाखानाबाट प्रकाशित**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।